# गोल्डेन वेडिङ्ग मार्ट प्रा ली को प्रबन्ध पत्र

**१. कम्पनीको नाम** - यस कम्पनीको नाम गोल्डेन वेडिङ्ग मार्ट प्रा ली हुनेछ । यस लाई अंग्रेजी मा Golden Wedding Mart Pvt. Ltd. भनिनेछ ।

**२. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना**- यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं ०६ मा रहनेछ । सम्बन्धित निकायको स्विकृती लिई कम्पनीको रजिष्टर्ड कार्यालय स्थान्तरण तथा बिस्तार गर्न सकिने छ ।

**३. कम्पनी ले गर्ने व्यबसाय वा कारोबार को प्रकृती**- यस कम्पनी को कारोवार सेवा तथा ब्यबसाय मुलक हुनेछ ।

**कम्पनीको उद्देश्य**: कम्पनी को उद्देश्य देहाय बमोजिम हुनेछ ।

**(क)** प्रचलित कानुन बमोजिम विभिन्न धर्म, जात, जातिय र अन्तरजातिय विवाह गर्न इच्छुक उमेर पुगेका स्वदेशी तथा बिदेशी युवा युवतीहरुलाई सम्पर्क गराउन तथा आफुले चाहेको र खोजे जस्तो जोडी खोज्न को निम्ती यस कम्पनीले वेबसाइट तथा मोबाइल एप निर्माण गरी संचालन गर्ने गराउने ।

**(ख)** आफु संग भएको कला तथा मोडलिङ्ग गर्न चाहने इच्छुक महिला पुरुष ले यस कम्पनीको आधिकारिक वेबसाइट र एपको माध्यम बाट आफ्नो कला तथा फोटोहरु अपलोड गरी विज्ञापन गर्न सकिनेछ ।

**(ग)** विवाह गर्न उमेर पुगेका र विवाह गर्न इच्छुक देश बिदेश मा छरिएर रहेका ब्यक्ती हरुको विवाहका लागी आवश्यक विवरण संकलन गर्ने र गोल्डेन वेडिङ्ग मार्ट नामक वेबसाइट, एप, तथा फेसबुक पेज बनाइ वरबधुको आवश्यकता लाई परिपुर्ती गर्न सरल र सहज भूमिका खेल्ने ।

**(घ)** यस कम्पनीको वेवसाइट तथा एप प्रयोग गरी देश तथा बिदेश मा बस्ने मानिस हरु संग साथी बनी लाईब चेटिङ्ग तथा म्यासेज आदान प्रदान गर्ने ।

**(ङ )** विवाह सम्पन्न गराउन आवश्यक पर्ने सम्पुर्ण सेवाहरु उपलब्ध गर्ने, इभेन्ट म्यानेज्मेन्ट सम्बन्धी आवश्यक सम्पुर्ण कार्य हरु गर्ने साथै कुनै पनि इभेन्ट तथा विवाह सम्बन्धी फोटोग्राफी र भिडिओहरु बनाउने साथै विवाह सम्बन्धी विभिन्न किसिमका पुस्तक हरुको प्रकाशन गर्ने गराउने ।

**(च)** विवाह सम्बन्धी कुनै पनि उपहार, कार्ड र जन्मदिन उपहार, आश्रवय उपहार अनलाईन बिक्री सेवाहरु तथा विवाह सम्बन्धी र अन्य कुनै पनि बिक्रेताले आफ्नो व्यवसाय को दर्ताको लागी विज्ञापन गोल्डेन वेडिङ्ग मार्ट पृष्ठ मा हाइट गरिनेछ र पात्रो सम्बन्धी अपडेट गरिनेछ ।

**(छ)** प्रचलित कानुन को अधिनमा रही गुणस्तरिय अडियो भिडिओ प्रोडक्सन हाउसको स्थापना गरी ज्ञान बर्द्धक , मनोरन्जनात्मक, सुचनामुलक , चेतनामुलक, शिक्षा बर्द्धक, कार्यक्रम हरु गर्ने गराउने ।

**(ज)** स्वदेश तथा बिदेश मा नेपालीपन झल्काउने संस्कृतीहरु आदान प्रदान गर्नुका साथै स्वदेशी तथा बिदेशी युबा युबतीहरुको दाम्पत्य जीवन मिलाउदै पर्यटकिय क्षेत्र मा भ्रमण गराउने कार्य गर्ने गराउने ।

**(झ)** भविश्यवाणी, कुण्डली बनाउने, राशिफल जस्ता ज्योतिषी कार्यहरु अडिओ भिडिओ कल तथा ज्योतिषी सामाग्रीहरु जस्तै रुद्राक्ष , रत्न, तिब्बती र बौद्ध धर्म ज्योतिष संग सम्बन्धित अन्य कार्यहरु अनलाईन मार्फत बिक्री बितरण गर्ने, गराउने ।

**(ञ)** कानुनी परामर्श दिने साथै प्रचलित कानुन बमोजिम अदालती विवाह पनि गराउने कार्य गर्ने गराउने ।

**(ट)** स्वास्थ्य, कृषी, वातावरण, चेतनामुलक नाटक, पर्यायवरण, खेलकुद तथा मनोरन्जनात्मक कार्यक्रमहरु गर्ने साथै विभिन्न किसिमका स्टेज कार्यक्रमहरुको आयोजना गर्ने गराउने ।

**(ठ)** बेरोजगारी युवा युबती हरुलाई सीपमुलक सीप सिकाइ स्वदेश तथा बिदेश मा रोजगारको लागी पठाइ आत्मनिर्भर बनाउने कार्य गर्ने गराउने ।

**(ड)** समान उद्देश्य भएका देश तथा बिदेशी ब्यक्ती, फर्म, कम्पनी वा निकाय संग समान्वयन गरी कार्य गर्ने गराउने